जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४० म.नि.हु.का.द.नं. ६/०६४/०६५

# नवीन साप्ताहिक

वर्ष ४१ अंक २२ २०७९ साल पुस २४ गते आइतवार (8 Jan 2023 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** के हो समाजवाद र ... **पृष्ठ ३ मा :** स्ववियु : आवश्यकता, चुनौती ... **पृष्ठ ४ मा :** विश्वभर ओमिक्रोनको पारिवारिक ... **पृष्ठ ५ मा :** क्षमता अभिवृद्धि ...

# राजविराज कारागार समस्यै समस्याले ग्रसित

## विद्युत जाँदा टर्च लाईट बालेर निगरानी




**राजविराज**/मुलुककै पुराना कारागार मध्ये एक राजविराज कारागार विगत लामो समयदेखी विभिन्न समस्याले ग्रसित बन्दै आएको छ। क्षमता भन्दा तीन गुणाभन्दा बढी कैदीबन्दी रहेको यस कारागार समस्यै समस्याले ग्रसित बनेको हो।

क्षमता भन्दा तीन गुणा भन्दा बढी कैदीबन्दी रहनुका साथै कारागारको जग्गा समेत अतिक्रमणमा परेको छ। कुल २ विघा १३ धुर क्षेत्रफल रहेको कारागारको १ विघा जग्गा अतिक्रमणकै चपेटामा छ। हाल १ विघा १३ धुर जग्गा मात्र कारागारको संचालन र गतिविधिमा समेटिएको छ।

यति मात्र नभएर कारागारमा १ सय ५५ जनाको क्षमता भएपनि हाल ३ सय ७७ जना कैदीबन्दी कोचिएर राखिएका छन्। एकातिर जीर्ण भवन अर्कोतिर क्षमता भन्दा बढी कैदीबन्दी राख्नु पर्दा जोखिमसँगै निगरानी गर्न पनि समस्या भएको कारागार सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरु बताउँछन्।

हाल कारागारमा दरबन्दी अनुसारको सुरक्षाकर्मीको अभाव पनि देखिएको छ। सुरक्षाकर्मीहरुको बास बस्ने आवास समेत जीर्ण अवस्थामा रहेको छ। उनीहरु बास बस्ने कोठामा पर्याप्त ठाउँको अभावका साथै भौतिक सरसमानको समेत अभाव देखिएको छ।

राणाकालमै २००८ सालमा निर्माण भएको कारागार सरकारी उपेक्षाका कारण जीर्ण र अतिक्रमणको चपेटामा परेको कारागारका कर्मचारीहरु बताउँछन्। कारागारको भवन तथा भित्ताहरुको अवस्था हेर्दा कुन बेला भवन नै ढल्ने हो वा कुन बेला भित्ता फोडेर कैदी भाग्ने हुन भन्ने चिन्ताले निद्रा हराउने गरेको कारागारका कर्मचारी र सुरक्षाकर्मीहरुको गुनासो छ।

यता कारागारमा बिद्युत सप्लाई बन्द भएपछि टर्चको सहयोगमा लाइट बालेर निगरानी गर्नु पर्ने बाध्यता रहेको त्यहा सुरक्षार्थ खटिएका सुरक्षाकर्मीहरु बताउँछन्। कारागारमा इन्भरटर र जेनेरेटरको बैकल्पिक व्यवस्था समेत छैन्।

क्षमता भन्दा तेब्बर कैदीबन्दी भएपछि ठाउँ अभावका कारण पुसको चिसोमा पनि कतिपय कैदीबन्दीलाई टिनको छाना लगाएर भुँइमै न्यानो कपडा राखी सुत्ने व्यवस्था मिलाइएको छ। जेलर किशोर रामले ठाउँ अभाव भएपछि केही कैदीबन्दीलाई यसरी अस्थायी रुपमा राखिएको तथा व्यवस्थित ढंगले राख्न आवश्यक पहल थालेको बताए।

कारागारमा क्षमता भन्दा तेब्बर कैदीबन्दी भएपछि शौच गर्नेदेखि खाना पकाउन पनि लाइन लाग्नु पर्ने अवस्था रहेको र यी समस्या बारे अनुगमनका क्रममा विभिन्न समयमा आउँने टोलीलाई जानकारी गराउने गरेपनि आश्वासन बाहेक केही नपाएको कैदी गोपी साहले सुनाए।

कारागारमा पारालाइसिस रोगले पीडित ६ जना जेष्ठ नागरिक कैदीबन्दी समेत छन्। ७५ वर्षिय मो. नसरुल, गोपी साह, ७७ वर्षिय कारी सदा, जुगेश्वर सरदार, ७८ वर्षिय फागु मण्डल र ७९ वर्षिय रामेश्वर यादव पारालाइसिस रोगले ग्रस्त रहेका छन्।

उनीहरुलाई चिसोबाट जोगाउन र व्यवस्थापन गर्न समस्या भएपनि उपलब्ध श्रोत साधनले हरसम्भव सहयोग गरिरहेको जेलर रामले बताए। उनले कारागारमा बन्दी जीवन बिताइरहेकाहरुलाई आयआर्जनको श्रोत जुटाउन मुढा बनाउने शिपमुलक तालिम समेत संचालन गरिएको जानकारी दिए।

यसैबीच कारागारको अवस्था बुझ्न शनिवार जनमत पार्टीका नेताहरु पुग्दा त्यहाँको बेहाल देखेर आफुहरु चकित परेको प्रतिक्रिया दिएका छन्। सप्तरीको प्रदेश सभा २ को २ बाट निर्वाचित एवम् मधेश प्रदेशको जनमत पार्टीका संसदीय दलका नेता समेत रहेका महेश प्रसाद यादवले राजविराज कारागारको सुधारका लागि केन्द्रदेखि प्रदेश सरकार समेतले ध्यान दिनुपर्ने भन्दै यसका लागि आफुले पनि सक्दो पहल गर्ने बताए।

जनमत पार्टीबाटै सप्तरीको प्रदेश सभा २ को १ बाट निर्वाचित प्रदेश सभा सदस्य सतिश सिंहले कारागारमा जग्गा अतिक्रमण लगायत अन्य विभिन्न समस्याहरु आफुले जानकारी पाएको बताउँदै कैदीबन्दीहरुले भोग्नु परिरहेको समस्या तत्कालै समाधान हुनुपर्नेमा जोड दिए।

**आँखा स्वास्थ्यको लागि उत्कृष्ट उपचार**

**तपाईंकै सहर राजविराजमा**

आँखा सम्बन्धि उत्कृष्ट सेवाका लागि सहज र सुलभ उपचारलाई मध्यनजर गरी नेपालकै दक्ष, अनुभवी तथा वरिष्ठ नेत्र विशेषज्ञहरुको सेवा अब उपरान्त **सगरमाथा आँखा अस्पताल प्रा.लि.**, रुपनी रोडमा उपलब्ध हुने सहर्ष जानकारी गराउँदछौं।

**पुष मसान्तसम्म फेको प्रविधिद्वारा मोतिबिन्दुको शल्यक्रियामा २०% छुट तथा ज्येष्ठ नागरिकहरुका लागि OPD FEE निःशुल्क**

***हाम्रा विशेषताहरु***

१. अनलाईन नाम दर्ताको सुविधा,
२. अत्याधुनिक फेको प्रविधिवाट मोतिया बिन्दुको शल्यक्रिया,
३. बिना सुई फेको प्रविधिबाट मोतिया बिन्दुको शल्यक्रिया,
४. एकै दिनमा शल्यक्रिया गराई डिस्चार्ज सेवाको व्यवस्था (Day Care)
५. सुख्खा आँखाको उपचार
६. कोर्निया अल्सर तथा आँखाको नानी प्रत्यारोपणको सम्बन्धि विशेषकृत सेवा
७. दृष्टिपर्दा उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
८. आँखाको बनावट तथा सौन्दर्यता कायम राख्नकालागि अकुलोप्लाष्टिको विशेषकृत सेवाहरु
९. जलबिन्दुको उपचार तथा शल्यक्रियाको विशेषकृत सेवा
१०. बच्चाको आँखा जाँचका सेवाहरु
११. वरिष्ठ दृष्टि विशेषज्ञद्वारा आँखाको पावर जाँच
१२. B-Scan/VisualField/OCT/Airpuff tonometer/Auto Refractometer लगायतका diagnostic सुविधाहरु

**सगरमाथा आँखा अस्पताल प्रा.लि.**

**राजविराज-८, रुपनी रोड, सम्पर्क नं. :- ९८०५७११२२२**

**बिरामी जाँचको समय :** बिहान ८:३० देखि ५:०० बजेसम्म

**लागूऔषध रहित परिवारः स्वस्थ जीवनको आधार।**

- लागूऔषधको सेवनले मानिसको शारीरिक तथा मानसिक स्वास्थ्य बिग्रन्छ।
- लागूऔषधको उत्पादन, सञ्चय, ओसारपसार, बिक्रीवितरण तथा सेवन कानूनतः दण्डनीय छ।
- गैरकानूनी गतिविधिमा आफू पनि नलागौं, अरूलाई पनि लाग्न नदिऔं।
- स्वस्थ र सुखी परिवारको लागि लागूऔषध दुर्व्यसनलाई निरुत्साहन गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

## सम्पादकीय ....

# चिसोबाट बच्न प्रबन्ध मिलाउ

अहिले तराई मधेशमा चिसोका साथै सितलहर बढ्दै गएको छ। बिहानैदेखी चिसो हावासँगै सितलहर बढेपछि जनजिवन प्रभावित बन्दै गएको छ । यस्तो अवस्थामा सबैभन्दा बढी प्रभावित बालबालिका र बृद्धबृद्धा भइरहेका छन् । गरिब, निमुखा तथा विपन्न वर्गका व्यक्तिहरु पनि चिसोको मौसममा निकै प्रभावित भइरहेका छन् । उनीहरुका लागि न्यानो लुगाका साथै जिऊ तातोका निम्ति स्थानिय स्तरबाट दाउराको प्रबन्ध मिलाउनु अति आवश्यक छ ।

उनीहरुलाई चिसोबाट बच्नका लागि न्यानो लुगाको अभाव भइरहँदा सहयोगि हातहरुको खाँचो रहेको छ। हरेक वर्ष जाडोको मौसममा हुने अत्याधिक चिसोका कारण जनजिवन प्रभावित हुन पुग्छ। तर, ती वर्गका जनताहरुलाई यसरी नै सधैं न्यानो लुगाको अभाव हुने गर्दछ। दुई छाक खान धौं धौं हुने ती वर्गका व्यक्तिका लागि सम्बन्धी निकायले सहयोग गर्नु पर्ने देखिन्छ ।

यसका लागि हरेक वर्ष स्थानिय तहले उनीहरुको सहयोगका लागि तत्परता देखाएपनि ठोस रुपमा समस्या समाधानका लागि दिर्घकालिन सोच बनाएको देखिदैन् । तसर्थ यसका लागि पालिकास्तरि बैठकबाट दिर्घकालिन नीति निर्माणदेखी कार्यान्वयनसम्मको बाटो निकाल्नु आवश्यक छ ।

डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. सरोज कुमार साह
Dr. Saroj Kumar Sah
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

डा. जयन्ती यादव
Dr. Jayanti Yadav
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# के हो समाजवाद र पुँजीवाद ?

**नरनाथ पाण्डे**

अहिले नेपालमा नेपाली राजनीतिक दलहरूले आफूलाई समाजवादी भनेर नामको पछाडि फुर्को जोड्ने चलन बढ्दै गइरहेको छ। यो सँगसँगै नेताहरूको बोलीमा समेत समाजवाद र पुंजीवादका बढी कुराहरू आउने गर्छन् ।

समाजवादी पार्टी भनेर फुर्को जोड्नेहरूमा जनता समाजवादी पार्टी र नेकपा एकीकृत समाजवादी पार्टी केही ठुला पार्टी हुन् भने अन्य दलहरूले पनि समाजवादी भन्ने नामसँग साइनो गाँस्न रुचाएका छन् । त्यस्तै नेपाली काँग्रेसले समाजवादलाई पार्टीको सिद्धान्तमा राखेतापनि आफूलाई बढी मात्रामा पुंजीवादी पक्षधर भन्ने गर्दछ ।

समाजवाद आफैमा एउटा अति राम्रो शब्द हो तर यो शब्दको धेरैले दुरुपयोग गर्ने गरेका छन् र समाजवादी आचरण देखाउँदैनन् । त्यस्तै आफूलाई समाजवादी वा पुंजीवादी पक्षधर भन्नेहरूले पनि समाजवाद र पुंजीवाद भनेको के हो भन्ने कुरा विस्तृतमा बुझेका छैनन् ।

कार्यकर्ता तहसम्म त समाजवाद र पुंजीवाद भनेको के हो भनेर कसैले प्रश्न गरिहालेमा अक्क न बक्क बन्नुपर्ने स्थिति छ । यी समस्याहरू हटाउन र आजकाल अत्यन्तै बढी मात्रामा प्रयोग हुने गरेको समाजवाद र पुंजीवाद के हो भन्ने कुरामा नै आधारित रही यो आलेख तयार गरिएको छ ।

वास्तवमा समाजवाद राज्यको त्यस्तो आर्थिक अवस्थासँग गाँसिएको शब्द हो, जहाँ देशको सम्पूर्ण अर्थतन्त्रको स्वामित्व सरकारमा निहित हुन्छ । यसलाई अर्को शब्दमा सामाजिक स्वामित्व पनि भनिन्छ । यदि सामाजिक स्वामित्व नीति अँगाल्ने राज्य छ भने त्यसलाई समाजवादी राज्य भनिन्छ । सामाजिक स्वामित्व भन्नाले वस्तुको उत्पादन, नियन्त्रण र व्यवस्थापन सबै राज्यमै केन्द्रित हुनु हो । यसरी समाजवादको सिद्धान्तलाई वकालत गर्ने व्यक्ति वा समूहलाई समाजवादी भनिन्छ ।

समाजवादमा निजीत्वको सम्भावना न्यून हुन्छ र सामूहिकताको सम्भावना बढी हुन्छ । समाजवादमा कुनैपनि कच्चा पदार्थ, औजार र उपकरण, कलकारखाना तथा श्रम सबै उत्पादनसँग सम्बन्धित तत्व हुन् । र, यसबाट उत्पादित वस्तु समूहमा सङ्कलन गरिन्छ तथा आवश्यकताअनुसार वितरण गरिन्छ वा यसमा निजी संघ संस्थाको कुनै गुन्जायस छैन भनिन्छ ।

सामाजिक स्वामित्वका पनि विभिन्न प्रकार हुन्छन्, जसलाई आफ्नो देश र परिवेश सुहाउँदो तरिकाले लागु गर्न पनि सकिन्छ । जस्तै साझा स्वामित्व, सहकारी संस्थान, प्रत्यक्ष सार्वजनिक स्वामित्व र राज्यद्वारा सञ्चालित स्वतन्त्र संस्थान आदि ।

समाजवादी सिद्धान्त लागु गरिएका देशमा व्यक्तिले गरेका उत्पादनलाई तलब वा सामानका रूपमा प्रदान नगरी उनीहरूको स्वास्थ्य, शिक्षा, सुरक्षा र अन्य आवश्यक प्रयोगमा लगाउने गरिन्छ भने लेनिनवादी दृष्टिकोणमा भने राज्यले सङ्कलन गरेका यस्ता उत्पादनलाई आवश्यकताका आधारमा नभई कामका आधारमा वितरण गर्नुपर्छ भन्ने रहेको छ ।

संसारका अधिकांश कम्युनिस्ट मुलुकहरूले आफूलाई समाजवादी मुलुक भन्न रुचाउँछन् र ती राज्यले सामाजिक स्वामित्व विधि अपनाउँछन् । समाजवादको उस्तै अर्थ कम्युनिस्ट हो, त्यसकारण प्रायः कम्युनिस्टहरूले नै आफूलाई समाजवादको व्याख्याता र समाजवादी भन्ने गर्छन् । उदाहरणको लागि उत्तर कोरिया, भियतनाम, क्युबा आदि । तर चीनले आफूलाई समाजवादी भन्दा पनि पुंजीवादी राज्य भन्न रुचाउने गर्छ ।

समाजवादसँग आउने अर्को शब्द पुंजीवाद पनि हो । यहाँ पुंजीवाद भन्नाले समाजवादको ठिक विपरीत अर्थ हुन्छ । समाजवादले श्रम, उत्पादन र नियन्त्रण व्यक्तिको नभई संयुक्त रूपमा समाजको वा राज्यको हुन्छ भन्ने मान्यता राख्छ भने पुंजीवादले श्रम, उत्पादन र त्यसको नियन्त्रण व्यक्ति स्वयंको हुने कुरा गर्छ । वस्तु उत्पादन भएपछि त्यसको बिक्री वितरण खुला बजारमा प्रतिस्पर्धाको माध्यमबाट दर कायम गरेर हुन्छ भन्नु पुंजीवाद हो ।

त्यस्तै पुंजीवाद र कम्युनिज्मबिच फरक छुट्याउने हो भने कम्युनिज्ममा उत्पादन र त्यसको पारिश्रमिक आफूले काम गरेको आधारमा पाउनुपर्ने हुन्छ भन्ने तथ्य पाइन्छ । यसरी शुद्ध समाजवाद र समाजवादी अवस्था पाउन अहिले निकै कठिन छ र यो अवस्था कुनै मुलुकमा पनि पाईंदैन ।

विश्वको औद्योगिक क्रान्तिपश्चात प्लेटोको समयावधिमा बढी मात्रामा प्रचलनमा आएको यो समाजवादी व्यवस्था हाल इतिहास भैसकेको छ । वास्तवमा समाजवादको यो सिद्धान्तलाई सन् १८३० को सेरोफेरोमा आइपुग्दा विभिन्न रुपले अर्थ लगाउने गरिएको इतिहास छ ।

सन् १८४८ मा आइपुग्दा पुंजीवादका प्रमुख व्याख्याता कार्ल मार्क्स र एंगेल्स्ले ल्याएको कम्युनिस्ट घोषणापत्रमा समाजवादलाई हरेकको स्वतन्त्र विकासको शर्त नै सबैको स्वतन्त्र विकास हो भन्ने धारणा आएपछि यसको व्याख्या वैज्ञानिक समाजवादको ढंगले हुन थालेको हो ।

मार्क्स र एंगेल्सले ल्याएको त्यतिबेलाको अवधारणा समाजमा रहेका कुरीति, अन्धविश्वास, थिचोमिचो, चरम गरिबी, काला र गोराबिचको प्रवृत्ति वा दास प्रथा आदि सुहाउँदो थियो, जसले गर्दा यो निकै लोकप्रिय हुन पुग्यो र मार्क्सको दर्शन अहिलेसम्म पनि उत्तिकै सह्रानीय रहेको छ ।

तर अहिलेका कम्युनिस्टले गर्ने समाजवादको व्याख्या भन्दा अहिलेको परिवेशमा सामाजिक प्रजातन्त्र वा प्रजातान्त्रिक समाजवाद भन्ने अवधारणा नै भरपर्दो र कार्यान्वयन योग्य हुन पुगेको छ । प्रजातान्त्रिक समाजवादमा उत्पादनमा राज्यको पूर्ण नियन्त्रण नभई जनताद्वारा निर्वाचित सरकारले उत्पादन र आयलाई स्वच्छतापूर्वक वितरण गर्छ र आर्थिक वृत्तिविकासलाई बढी महत्त्व दिन्छ भन्ने मान्यता स्थापित भएको छ । यही मान्यतालाई स्वीडेन र डेनमार्कले अपनाएका छन् भने चीन जस्तो कम्युनिस्ट मुलुकले पनि यसलाई परिमार्जन गरी आत्मसात् गरेको छ र चीन विश्व अर्थतन्त्रमा उदाउँदो सर्वशक्तिमान राष्ट्र बन्ने क्रममा छ ।

यसरी निष्कर्षमा के भन्न सकिन्छ भने कम्युनिस्ट र समाजवाद राजनीतिक र आर्थिक प्रणालीको रूपमा रहेको छ भने पुंजीवाद एक आर्थिक प्रणालीको रूपमा र प्रजातन्त्र राजनीतिक पाटोको रूपमा रहेको छ । यसको अर्थ समाजवादीले कम्युनिस्ट सिद्धान्तको राजनीति गर्छन् भने पुंजीवादीले पुंजीलाई आर्थिक प्रणालीको रूपमा विकास गर्ने र प्रजातन्त्रलाई राजनीतिक प्रणाली मान्दछन् । त्यसकारण सबै कम्युनिस्ट समाजवादी हुन् भने सबै समाजवादी चाहिँ कम्युनिस्ट होइनन् ।

जे होस् अहिलेको बदलिंदो परिवेशमा विश्वभरबाट कम्युनिस्ट वा समाजवादी सिद्धान्त एक हिसाबले असफल सावित भैसकेको अवस्थामा संसारभर पुंजीवादको लहर आएको छ । नेपालले पनि पुंजीवादकै बाटो समाएको छ । यस्तो स्थितिमा पुंजीवादबाट हुने फाइदाको बारेमा बुझ्नुपर्ने हुन्छ । पुंजीवाद नै अहिलेको एक्काइसौं शताब्दीको सफल प्रयोग हो र यसलाई अपनाउनुपर्छ भन्ने पक्षमा निम्न मत अगाडि राख्न सकिन्छ-

– व्यक्तिगत उत्पादनलाई खुला बजारमा प्रतिस्पर्धा गर्न दिँदा उपभोक्तालाई कम मूल्यमा, बढी गुणस्तरीय र मन लागेका उत्पादन प्रयोग गर्ने बाटो खुल्छ ।

– खुला बजारको प्रतिस्पर्धालाई अनुमान गरी व्यक्तिले आफ्नो क्षमतालाई भरमग्दुर उपयोग गरी बढी उत्पादन गर्ने र बढी श्रम गर्ने क्षमता विकास गर्छ, जसले गर्दा उत्पादकत्वमा वृद्धि

*बाँकी पाँच पृष्ठमा*

## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (ब्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्काल नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**रुपनी गाउँपालिका, सप्तरी**

# स्ववियु : आवश्यकता, चुनौती र सुधार

रमेश कडेल

त्रिभुवन विश्वविद्यालय लगायतका केही विश्वविद्यालयमा यतिखेर स्वतन्त्र विद्यार्थी युनियनको चुनावको चर्चा विस्तारै प्रारम्भ भएको छ । २०६५ सालदेखि हुन नसकेको चुनावको विषयलाई लिएर विश्वविद्यालय प्रशासन तथा विद्यार्थी संगठनहरूबीच पटक पटक छलफल एवं चर्चा भइरहेको छ ।

के यस वर्ष स्ववियु निर्वाचन हुन सक्ला ? स्ववियु निर्वाचन पूर्ण रूपमा हुन सक्छ वा २०७३ सालको जस्तै केही क्याम्पसमा चुनाव भएर पुनः यसको चर्चा केही वर्षका लागि शान्त हुन्छ ? के चुनावका लागि विद्यार्थी संगठन उत्साहित छन् ? यस्ता तमाम प्रश्नहरूको चर्चा यतिखेर विश्वविद्यालय परिसरमा विस्तारै अगाडि बढिरहेको छ । जसबाट चुनाव हुने वा नहुने आदि बिषयमा आ-आफ्नै आकलन र अड्कलबाजी लगाइरहेका छन् ।

नेपालको राजनीतिमा विद्यार्थी आन्दोलनको भूमिका आफैमा स्मरणयोग्य र प्रेरणादायी छ । पञ्चायतकालमा चलेको 'जयतु संस्कृतम्' आन्दोलन एवं पञ्चायतको विरुद्धमा स्ववियुले नै निर्वाह गरेको भूमिका विद्यार्थी आन्दोलनका लागि उदाहरणीय बनिरहेका छन् ।

त्यस्तै २०३६, २०४६, २०६२/०६३ आदिका राजनीतिक परिवर्तनमा विद्यार्थी आन्दोलनको महत्वपूर्ण भूमिका रहेको छ । विश्वविद्यालयको विद्यार्थी राजनीति र विद्यार्थी राजनीतिमार्फत् युवामा जागृत राजनीतिक चेतनाको कारण यो परिवर्तन, राजनीतिमा युवा सहभागिता र चासो सम्भव देखिएको थियो ।

विद्यार्थी राजनीतिले विद्यार्थीलाई राजनीतिक चेतनासँगै देशको आर्थिक, प्रशासनिक, शैक्षिक, सामाजिक, विकासका मुद्दा र तथा राष्ट्रका तमाम विषयसँग जोड्ने कार्य गर्दछ र ती तमाम मुद्दामा विद्यार्थीको भूमिका वा दृष्टिकोणलाई स्पष्ट पार्ने कार्य गर्दछ । जसका कारण विश्वविद्यालय जीवनपश्चात्को सामाजिक जीवनमा उसले आफ्नो भूमिका र जिम्मेवारीलाई सोही दृष्टिकोणका आधारमा अगाडि बढाउन सक्छ ।

त्यसैले पनि विश्वविद्यालयमा अध्ययन अध्यापनका साथमा रचनात्मक तथा वैचारिक बहस् एवं चिन्तन हुनु अपरिहार्य छ । जसको भूमिकामा स्थापनाकालदेखि स्ववियुले आफ्नो जिम्मेवारी पुरा गर्दै आइरेहेको थियो । तर जब-जब देशमा राजनीतिक परिवर्तनहरू हुँदै गए, तब विस्तारै विद्यार्थी शक्ति स्वतन्त्र, निष्पक्ष र रचनात्मकता भन्दा बढी दलीय आकर्षण, प्रभाव र दवावमा पर्दै जान थाले । जसका कारण विश्वविद्यालयको विद्यार्थी राजनीति पनि दलीय प्रभाव, आकर्षण र हस्तक्षेपबाट अछुतो रहन सकेन । यसैको परिणामस्वरूप १५/१५ वर्षसम्म विश्वविद्यालयमा विद्यार्थी युनियनको चुनाव हुन सकिरहेको छैन ।

स्ववियु जहाँ समग्र विद्यार्थीका नेता चुनिएर आउने स्थान, जसले विद्यार्थी हकहितका मुद्दामा कार्य गर्ने, विश्वविद्यालयको वातावरणलाई रचनात्मक बनाउनका लागि वैचारिक एवं शैक्षिक गतिविधिमा सक्रिय रहने एवं विश्वविद्यालय पहरेदारको रूपमा कार्य गर्ने मूलभूत सिद्धान्त भएता पनि स्ववियुले त्यो भूमिका निर्वाह गर्न सकिरहेको छैन ।

स्ववियु आफैमा एक उत्कृष्ट पद्धति र देशको समग्र क्षेत्रमा आवश्यक कुशल नेतृत्व निर्माण गर्ने आधारशिला पनि हो । जुन समूह वास्तवमै स्वतन्त्र रहँदै सहीलाई सही र गलतलाई गलत भन्न सक्ने शक्ति र समूह बन्नुपर्ने हो । विद्यार्थीका हितका मुद्दा, पठनपाठन, परीक्षा, विश्वविद्यालयमा रचनात्मक गतिविधि, वैचारिक बहस, आर्थिक, सामाजिक, राजनीतिक, कुटनीतिक समझदारीको विकास आदि सबै कुरामा स्ववियुले आम विद्यार्थीलाई दिशाप्रदान गर्नुपर्ने हो ।

तर विद्यार्थी राजनीति र स्ववियु यी सबै मुद्दाबाट अलग हुँदै विश्वविद्यालयमा हुने आर्थिक गतिविधि, भर्ना, नियुक्ति, सरुवा तथा ठेक्कापट्टा आदिमा आकर्षित हुने गरेको यथार्थलाई नकार्न सकिँदैन ।

स्ववियुको चासो आर्थिक गतिविधिसँग सम्बन्धित कार्यमा बढ्न थाल्यो, रचनात्मक भन्दा धेरै ध्वंसात्मक कार्यमा विद्यार्थी शक्ति प्रयोग हुन थाल्यो । जसका कारण विश्वविद्यालयको विद्यार्थी राजनीतिप्रति आम विद्यार्थी वर्गको सकारात्मक भन्दा बढी नकारात्मक दृष्टिकोण विकसित हुँदै गयो ।

परिणामस्वरूप स्वयं विद्यार्थी नेताहरू, विश्वविद्यालय परिवार एवं विद्यार्थीहरू स्ववियुको चुनावप्रति उदासीन र निस्क्रिय रहेको देखिन्छ । पञ्चायतको अन्त्यपछि स्ववियु निर्वाचनमा दलहरूको प्रत्यक्ष हस्तक्षेप र प्रभाव एवं सहभागिता बढ्दै गयो, दलीय विद्यार्थी संगठनभित्रका आपसी गुट, उपगुट बीचको लडाई र तालमेलमको अभावका कारण विस्तारै स्ववियुको मूल संकल्प र उद्देश्यबाट भड्किएर गलत दिशामा अगाडि बढ्न थाल्यो । जसकारण समग्र विश्वविद्यालय, अधिकांश विद्यार्थी संगठन, एवं विद्यार्थी समूह स्ववियु चुनाव हुनुपर्दछ भन्ने दिशामा बलियो रूपमा प्रस्तुत भएको देखिँदैन, जुन देशको विद्यार्थी आन्दोलनका लागि दूर्भाग्यपूर्ण विषय हो ।

दलको प्रत्यक्ष प्रभावका कारण स्ववियु लामो समयदेखि खर्चिलो, भड्किलो, ध्वंसात्मक र त्रासदीपूर्ण बन्दै गइरहको अनुभव सबैले गरिरहेका छन् । जसले गर्दा स्ववियु निर्वाचन नियमित, स्वच्छ, प्रतिस्प्रधात्मक, भयरहित र वैचारिक मुद्दामा केन्द्रीत हुन सकिरहेको छैन ।

२०६५ सालबाट उठेको उमेरको हदबन्दीका कारण स्ववियु चुनाव हुन सकेको छैन । प्रायः विद्यार्थी संगठन स्ववियु चुनाव सम्पन्न गर्ने भन्दा टार्ने मानसिकतामा रहेको स्पष्ट हुन्छ । विद्यार्थी राजनीतिका लागि लामो समयसम्म एउटै नेतृत्व विश्वविद्यालयमा हावी हुने परिपाटीका बीच २८ वर्षे उमेर हदबन्दीको नियमले क्याम्पस परिसरमा विद्यार्थी नेता भेट्न मुस्किल छ ।

त्यसैले पनि विद्यार्थी संगठनका शीर्षस्थ नेता स्वयं चुनावप्रति गम्भीर देखिँदैनन् । साथमा विद्यार्थी संगठनबीचको गुटप्रथा र दलका शीर्षस्थ नेताको दबावका कारण पनि स्ववियु चुनाव प्रभावित बन्दै गइरहेको छ । जसले गर्दा विद्यार्थी शक्तिलाई राष्ट्र शक्तिमा रूपान्तरण गर्न सक्ने र विश्वविद्यालय परिसरमा पहरेदारको भूमिका निर्वाह गर्न सक्ने विद्यार्थी युनियन कमजोर र भूमिकाविहीन बन्दै गइरहेको छ ।

२०२० सालमा औपचारिक रूपमा प्रारम्भ भएको स्ववियुको संरचना, भूमिका र गतिविधिहरूको बारेमा समीक्षा गर्दै वर्तमान सन्दर्भ र आवश्यकताअनुसार अगाडि बढ्नु पर्नेमा दशकौँसम्म आइपुग्दा पनि उही तरिकाले स्ववियुलाई सञ्चालन गरिरहनुले स्ववियुको औचित्यतामाथि पटक पटक बहस हुने गरेको छ ।

बीचको कालखण्डमा केही हदसम्म स्ववियुको संरचनागत सुधारको बारेमा भएका बहस र निर्णयको कार्यान्वयनमा विद्यार्थी संगठन सकारात्मक र जिम्मेवार भएनन् । स्ववियुमा दलीय राजनीति हावी हुँदै जाँदा दलहरू र संसदीय राजनीतिको चासो र प्रभाव स्ववियुमा देखिनु, विश्वविद्यालयका पदाधिकारीको नियुक्ति दलीय भागबण्डाबाट हुने यथार्थका कारण विश्वविद्यालयका पदाधिकारी र विद्यार्थी संगठनको अंकगणितको आधारमा चुनाव हुने र गराउने अभ्यास बढ्दै गयो । स्ववियु चुनाव झण्झटिलो र ध्वंसात्मक र अराजक बन्दै जानुले विश्वविद्यालय प्रशासन पनि चुनावप्रति उदासीन बन्नु लगायत कारण स्ववियुको औचित्य र आवश्यकता के का लागि भन्ने विषयमा बहस हुनु स्वभाविकै हो ।

तसर्थ विगतको संरचनामा आवश्यकताअनुसार सुधार गर्दै स्ववियुलाई प्रभावी बनाउनका

बाँकी चार पृष्ठमा


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, बृद्धबृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको ब्यवस्था मिलाऔं।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**
**छिन्नमस्ता गाउँपालिका, सप्तरी**



## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

**गुनासोका लागि**
**खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी**
**०३१-५२२५२३**

# विश्वभर ओमिक्रोनको पारिवारिक सञ्जाल फैलँदो !

चीनको उहानमा कोरोना भाइरस देखिए यता नयाँ भेरिएन्ट देखिए लगत्तै नयाँ लहरले उचाइ लिने गरेको देखिन्थ्यो । तसर्थ विश्वमा कोरोनाको स्वरूप परिवर्तन प्रति सबैले विशेष चासो र सतर्कता अपनाउने गरेको थियो । र सो परिवर्तित कोरोनाले देखाउने हर्कतको आधारमा विश्व स्वास्थ्य संगठनले पनि 'भेरिएन्ट अफ इन्ट्रेस्ट' अथवा 'भेरिएन्ट अफ कन्सर्न' को निर्धारण गर्ने गर्दथ्यो/गर्दछ । हाल लामो समय देखि कोरोनाको नयाँ नयाँ भेरिएन्ट देखिने गरेको त छैन तर ओमिक्रोन भेरिएन्टको हाँगाबिँगा विकसित हुने र फैलने क्रमले भने व्यापकता पाएको देखिन्छ । अर्को वाक्यमा भन्नु पर्दा ओमिक्रोन भेरिएन्टमा या त म्यूटेशन भएर वा दुई म्यूटेशन भएका ओमिक्रोन बीच सम्मिश्रण भएर ( हाईब्रिड भएर) नयाँ स्वरूपको भाइरस देखिने क्रमले आजको मितिसम्म पनि निरन्तरता भने पाइरहेको देखिन्छ । अझ अर्को वाक्यमा भन्नु पर्दा ओमिक्रोनको पारिवारिक सञ्जाल फैलने क्रमले तीव्रता पाइरहेको छ । हालै ओमिक्रोन भेरिएन्टको नयाँ पुस्ता "बिएफ ७" र "एक्सबीबी १.५" विश्व तरङ्गित गरेको देखिन्छ । "बिएफ.७" र "एक्सबीबी १.५" ले क्रमश: चीन तथा अमेरिकामा व्यापक प्रभाव पारेको देखिन्छ ।

हाल चीनमा विशेषत: ओमिक्रोन भेरिएन्टको नयाँ पुस्ता "बिएफ.७" ले व्यापक सङ्क्रमण र मानवीय क्षति पारिरहेको जानकारीहरू आइरहेका छन् । तर कुन उमेर समूह, खोप लगाए/नलगाएका, तथा कस्ता स्वास्थ्य समस्या भएकालाई बढी प्रभावित पारिरहेको हो भन्ने स्पष्ट जानकारी भने छैन । अन्तर्राष्ट्रिय समाचारहरूमा आइरहेका सीमित जानकारी तथा सामाजिक सञ्जालमा देखिने श्रव्य/दृश्यलाई आधार मान्ने हो भने ज्येष्ठ नागरिकहरू मुख्यत: अस्पतालहरूका शय्यामा पुगेका देखिन्छन् । र सम्भवत: उनीहरू मध्यकाहरुले नै कोभिड-१९ को जटिलताबाट मृत्युवरण गरिरहेको हुनु पर्दछ । खोप लगाएका ज्येष्ठ नागरिकहरूको प्रतिशत पनि अति न्यून रहेको तथ्याङ्क तथा जानकारीहरू सार्वजनिक भइरहेका छन् । ओमिक्रोन अघिल्लो भेरिएन्टहरु भन्दा अनुसन्धान र अनुभवको आधारमा हेर्दा कम घातक देखिएको र मानिन्छ । तर लेखकले तेस्रो लहरको समयमा मृतकको मेडिकल इतिहासलाई गहन अध्ययन र सूक्ष्म विश्लेषण गर्दा ओमिक्रोन भेरिएन्टले विशेषत: खोप नलगाएका वा पूर्ण २ मात्रा खोप नलगाएका तथा दीर्घ रोग भएका ज्येष्ठ नागरिकहरूमा मानवीय क्षति पुर्‍याएको देखेको थियो ।

त्यस्तै हङकङमा पनि ओमिक्रोन भेरिएन्टले तीव्रता पाउँदा धेरै मानिसहरूको मृत्यु भएको थियो । ब्रिटिस मेडिकल जर्नलमा प्रकाशित लेखका अनुसार एक लाख जनसङ्ख्यामा कम्तीमा २५ जना भन्दा बढीको मृत्यु ओमिक्रोन भेरिएन्टको लहरमा भएको थियो।सो जर्नलमा जनाइए अनुसार मृतक मध्ये ९० प्रतिशत भन्दा बढीले खोपको पूर्ण मात्रा नलगाएका र विशेषत: ज्येष्ठ नागरिकहरू थिए । लेखकले नेपालमा ओमिक्रोन लहरमा गरेको अध्ययन तथा विश्लेषण हङकङमा देखिएको नतिजासँग हदैसम्म मिल्दो जुल्दो देखिन्छ । विगतमा ओमिक्रोन लहरले प्रभाव पर्दाको अनुभव तथा विश्लेषणलाई आधार मान्दा हाल चीनमा पनि "बिएफ.७" ओमिक्रोनको कारणले मृत्यु हुनेहरूमा वृद्ध, दीर्घ रोगी तथा खोप नलगाएकाहरू नै बढी भएको अनुमान गर्न सकिन्छ । यद्यपि फेरि पनि त्यहाँबाट यथस्त जानकारी भने आउन बाँकी नै छ ।

पछिल्लो समय ओमिक्रोन भेरिएन्टको अर्को उपप्रजाति "एक्सबीबी १.५" ले अमेरिकामा पनि व्यापक प्रभाव पार्दै गइरहेको जानकारीहरू आउने क्रम जारी छ । यो उपप्रजातिलाई हालसम्म कै तीव्र गतिमा फैलन सक्ने कोरोना भाइरसको रूपमा पनि लिएको छ।पछिल्लो समय अमेरिकामा परीक्षण गरिएका नमुना मध्यमा कम्तीमा ४० प्रतिशत "एक्सबीबी १.५" ओमिक्रोन भेरिएन्टको उपप्रजाति देखिएको भनिएको छ। र निरन्तर अघिल्लो ओमिक्रोनको प्रजाति/उपप्रजातिलाई तीव्र बिस्थापित गर्दै गइरहेको पनि छ । तर यसको तीव्र फैलावटको बाबजुद पनि त्यसैको अनुपातमा मृत्यु हुनेको सङ्ख्यामा उल्लेखनीय बढोत्तरी भने देखिँदैन।यसलाई सकारात्मक रूपमा लिन सकिन्छ। स्मरण रहोस्, कोभिड विरुद्धको खोप सङ्क्रमण नहुन होइन तर सङ्क्रमित भए जटिल अवस्थामा जान र मृत्यु हुने सम्भावनालाई कम गर्नु हो।कुनै पनि खोपको प्रभावकारिता शतप्रतिशत भन्ने हुँदैन ।

विगतको अनुभवले भारतमा कोरोना भाइरस उत्कर्षमा पुग्दा केही हप्ताको अन्तरालमा नेपाल पनि तरङ्गित हुने गरेको देखिएको थियो । ओमिक्रोन भेरिएन्टको नयाँ पुस्ता "एक्सबीबी १.५" र "बिएफ ७" दुवै भारतमा देखिसकेको भनिएको छ । तसर्थ आगामी दिनमा "एक्सबीबी १.५" वा "बिएफ ७" ले भारतमा सिर्जना गर्ने अवस्थाले नेपालमा पनि कस्तो अवस्था सिर्जना हुनसक्छ भन्नेमा धेरै हदसम्म अनुमान गर्न सकिने छ । हाल भारतमा पनि नेपालमा जस्तै सार्वजनिक स्थलहरूमा जनस्वास्थ्यका मापदण्डहरू अनिवार्य छैन र बुस्टर खोप लगाएकाको प्रतिशत पनि भारत-नेपालको करिब करिब मिल्दो जुल्दो नै देखिन्छ । नेपालमा हाल "एक्सबीबी १.५" र "बिएफ ७" दुवै पुष्टि भैसकेको त छैन तर भारतमा निरन्तर बढ्दै गएमा ढिलो चाँडो नेपालमा नदेखिए भन्न भने सकिँदैन ।

अन्त्यमा, ओमिक्रोन भेरिएन्टको दर्जनौं प्रजाति तथा उपप्रजातिहरू विकसित भैसकेको र हुने क्रम जारी रहेको देखिन्छ । भाइरसमा निरन्तर स्वरूपमा परिवर्तन हुनु/देखिनु अस्वाभाविक पनि होइन । सबै विकसित नयाँ भाइरसले जोखिम वा जटिलता निम्त्याउँछ भन्ने अनिवार्य पनि हुँदैन । नेपालमा पनि ओमिक्रोन भेरिएन्टको कम्तीमा १७ विभिन्न प्रजाति/उपप्रजाति पुष्टि भैउस्सकेको छ।तर कुन प्रजाति वा उपप्रजाति, के कारणले/किन, कति बेला र कहाँ (कुन देशमा) घातक भएर आउने छ वा हुन्छ भन्ने सटिक भविष्यवाणी भने कसैले गर्न सकेको वा सक्ने भन्ने हुँदैन।केही समयको अन्तरालमा चीनमा हाल देखिएको ओमिक्रोन भेरिएन्टको नयाँ पुस्ता "बीएफ ७" ले अस्वाभाविक परिस्थिति सिर्जना गर्दा विश्व आश्चर्य चकित तर सम्भावित जोखिमलाई लिएर झस्किएको समेत देखिन्छ । सम्भवत: हाल चीन तथा अमेरिकामा देखिएका "बिएफ ७" र "एक्सबीबी १.५" ले नेपालमा घातक लहर ल्याउने सम्भावना धेरै न्यून देखिन्छ । तर विगतको ओमिक्रोन अनुभवलाई आधार मान्ने हो भने आगामी दिनमा खोप नलगाएका तथा विशेषत: ज्येष्ठ नागरिकलाई प्राथमिकतामा राखी विशेष गरेर हालै विकास गरेको "बाई-भेलेन्ट खोप" दिन सके सम्भावित कोभिड जटिलताको लहरलाई रोक्न भने सकिनेछ । रातोपाटीबाट

## *स्वबियु : आवश्यकता...*

लागि सबै पक्ष गम्भीर बन्नु र आफ्नो भूमिकाप्रति केन्द्रीत हुनु आवश्यक छ ।

**सुधारका लागि के गर्ने ?**

संसदीय चुनाव प्रणालीको अनुशरण गर्दै स्वबियु चुनावमा पनि प्रयोग हुन थालेको समानुपातिक प्रणालीको अन्त्य स्वबियुमा हुनु आवश्यक छ । साथमा दलीय विद्यार्थी संगठनहरू प्रत्यक्ष संगठनको प्यानलबाट चुनावमा भाग लिने परम्पराको अन्त्य गर्दै विद्यार्थीले चुनावमा उमेद्वारी दिने संरचना निर्माण गर्नु आवश्यक छ । जसका कारण दलीय प्रभाव र दबाव एवं विश्वविद्यालयमा दलका शीर्षस्थ नेताको उपस्थिति र सक्रियतामा न्यून हुन सक्दछ ।

स्वबियु विद्यार्थीको नेतृत्व एवं बैचारिक क्षमता, आचरण र योग्यताको आधारमा अगाडि बढ्ने परिपाटीका लागि विद्यार्थी उमेद्वार अग्रभागमा उभिनु आवश्यक छ न कि दलका शीर्षस्थ नेता ।

२०६५ पछि लागू भएको उमेद्वारीका लागि २८ वर्षे उमेरको हदबन्दीलाई कडाइका साथ कार्यान्वयन गर्नमा सबै सकारात्मक र जिम्मेवार बन्नु आवश्यक छ । विद्यार्थीलाई छात्रावास, भर्ना, छात्रवृत्ति एवं भोजन आदिका सस्ता र क्षणिक स्वार्थबाट प्रभावित गर्ने परिपाटी अन्त्य गर्दै चुनावी प्रचारप्रसारलाई मर्यादित र कम खर्चिलो बनाउनका लागि चुनावमा हुने खर्चको पारदर्शिता र खर्चको सिमा निर्धारण गर्ने आदि कार्यमा विश्वबिद्यालय कठोर र स्पष्ट बन्नु आवश्यक छ ।

साथै, बिश्वबिद्यालय परिसरमा विद्यार्थी उमेद्वारबीच वैचारिक बहस गराउने, विद्यार्थीमा सामाजिक, आर्थिक, सांस्कृतिक एवं राजनीतिक चेतनाको अभिवृद्धिका लागि सोही प्रकारका गतिबिधिमा केन्द्रीत रहने । स्वबियुलाई सरल, सहज र स्वाभाविक प्रक्रियाको रूपमा लिँदै प्रत्येक वर्ष स्वबियु चुनावको अभ्यासलाई अगाडि बढाउने सोच हुनुपर्छ ।

यदि यस्ता तमाम विषयमा ध्यान दिँदै स्वबियुका कमजोर पक्षलाई सुधार गर्ने दिशामा अग्रसर हुन सक्ने हो भने मात्र स्वबियु आम विद्यार्थीहरूको नेतृत्वदायी निकाय बन्न सक्नेछ । अन्यथा स्वबियु भन्दै गर्दा दलीय संगठन र पार्टीको अंगको रूपमा परिचय बनाउँदै गएको स्वबियुको औचित्य समाप्त हुनेछ । जसले गर्दा समग्र क्षेत्रका लागि आवश्यक दृष्टिकोणयुक्त नेतृत्व निर्माणको आधारशिला समाप्त हुनेछ । त्यसैले, विश्वविद्यालय प्रशासन एवं स्वयं विद्यार्थी संगठनहरू गम्भीर एवं जिम्मेवार बन्नु आवश्यक छ । यो नभुलौं, विद्यार्थी शक्ति राष्ट्र शक्ति हो । लेखक प्राज्ञिक विद्यार्थी परिषद्, नेपाल राष्ट्रिय सह-संगठनका सचिव हुन् । रातोपाटीबाट

## मत्स्य कृषकहरुका लागि जानकारी

**पोखरीको तयारी**

पोखरी सुकाउने वा पानी सुकाउन नसके वा पानीको स्रोत नभएको पोखरी भए त्यसमा पुराना र जंगली माछाहरु जाल तानेर निर्मूल पार्ने वा एमोनियम सल्फेट र चुनको मिश्रण १:५ को अनुपातमा एक कठ्ठा जलाशयको लागि एमोनियम सल्फेट ३.७५ के.जी र घर पोत्ने चुना १८.७५ के.जी.मिलाएर छरेर जंगली माछा मार्ने । पोखरीको डिल र साईडमा भएका झारपात हटाउने । आवश्यकता अनुसार मर्मत सम्भार गर्ने ।

**घर पोतने चुना** :१०-१५ के. जी. चुनाप्रति कठ्ठाका दरले चारै तिर छर्ने ।

**मल.** गोवर मल १०० के. जी. प्रति कठ्ठा शुरुमा र त्यसपछि हरेक हप्तामा १५ के. जी. प्रति कठ्ठाका दरले प्रयोग गर्ने तर नयाँ पोखरीको लागि १५० देखि ३०० के.जी. पाकेको गोबर मल प्रयोग गर्ने वा १.७ के.जी.डि. ए.पी. र १ के.जी. यूरियाप्रति कठ्ठा दरले प्रत्येक १५ दिनमा प्रयोग गर्ने । उपयुक्त डोज पानीको मलिलोपनमा भर पर्छ । कम्तिमा १.५ मि. पानी राखने (प्रवेशद्धारमा जाली राखेर) ।

माछा भुरा फिगंरलिङ्गलको स्टोकिंग ५_६ दिन पछि १००० देखि १५०० गोटा प्रति कठ्ठाको दरले स्टक गरिन्छ । तर पालन प्रविधि अनुसार स्टोकिङ्ग डेन्सिटी फरक पर्न सक्छ ।

**स्टकिंग प्रतिशत**

| सि. नं. | माछाको नाम | स्टोकिङ्ग डेन्सिटी_१ प्रतिशत | स्टोकिङ्ग डेन्सिटी_२ | स्टोकिङ्ग डेन्सिटी_३ | स्टोकिङ्ग डेन्सिटी_४ |
|---|---|---|---|---|---|
| १ | कमनकार्प | २५ | २० | ४० | २० |
| २ | सिल्भर कार्प | ३५ | ४० | २५ | २० |
| ३ | बिगहेड कार्प | १० | २० | १५ | ४० |
| ४ | ग्रास कार्प | ५ | १० | १० | १० |
| ५ | रहु | १५ | | | १० |
| ६ | नैनि | १० | १० | १० | |
| ७ | भाकुर | | | | |

**मछाको आहार विहार**

| माछाको नाम | आहाराको क्षेत्र | आहारा |
|---|---|---|
| भाकुर | पानीको माथिल्लो भाग देखीमध्य भाग | जुप्लाक्टन |
| रहु | पानीको मध्य भागदेखी पिंध सम्म | डेट्रिटस, दाना |
| नैनि | पानीको पिंधभागमा | सर्वाहारी दाना |
| सिल्भर कार्प | पानीको माथिल्लो भाग | फाईटोप्लांटन |
| बिगहेड कार्प | पानीको माथिल्लो भागदेखी मध्यभाग सम्म | जुप्लांक्टन |
| ग्रास कार्प | पानीको जुन सुकै भागमा | घाँस, दाना |
| कमनकार्प | पानीको पिंधभागमा | सर्वाहारी दाना |

**प्रयोग :**

पेलेट दाना माछाको शारिरीक तौलको ५ प्रतिशतको दरले दिने (शुरुमा ५ देखी १० प्रतिशत शारिरीक तौलको र ठूलो माछाको हकमा १ देखी ३ प्रतिशत शारिरीक तौलको वा ग्रास कार्प ५० ग्रामभन्दा ठूला शारिरीक तौलको २० देखी ३० प्रतिशतसम्म घाँस खान्छ, त्यही अनुपातमा घाँस हाल्ने

**वा**

**२५ प्रतिशत प्रोटिन भएको दाना बनाउनका लागि सामग्रीहरु**

१. धानको ढुटो : १५% २. गहुँको पिठो : २०% ३. मकैको पिठो : ५% ४. गहको चोकर : १४.५% ५. माछाको सिद्रा : ७%, ६. भटमास : २३.५ % ७. पिना : १५% ८. मिनरल मिक्स २%

**मत्स्य विकास केन्द्र, फत्तेपुर, सप्तरी**

**मोवाईल नं. ९८५२८२०९३५**

# क्षमता अभिवृद्धि तालिम सम्पन्न

**राजविराज**/अनौपचारिक क्षेत्र सेवा केन्द्र मधेस प्रदेश कार्यालयको आयोजनामा शम्भुनाथ नगरपालिकामा मानवअधिकार समूहका सदस्य र सरोकारवालाहरूको लागि दुई दिने क्षमता अभिवृद्धि तालिम मंगलबार सम्पन्न भएको छ ।

कार्यक्रमको समापन गर्दै नगरपालिकाका प्रमुख जितेन्द्र प्रसाद गुप्ताले समाजमा रहेका कुरीतिहरू सबै मिलेर अन्त्य गर्नुपर्नेमा जोड दिए । बोक्सी, दाइजो, बालविवाहलगायत सामाजिक कुरीति र कालाबजारीलाई अन्त्यगर्न प्रयास जारी राखेको बताउँदै उनले मिलेर अगाडि बढेमा चाँडै गन्तव्यमा पुगिने जिकिर गरे । उनले शिक्षाका लागि बालबालिकाका परिवारका सदस्यलाई अभिप्रेरित गर्नुपर्ने आवश्यक्ता रहेको बताए ।

शम्भुनाथ नगरपालिका वडा नं. १० का वडा अध्यक्ष धर्मेन्द्रकुमार मण्डलले मानवअधिकारको रक्षाको लागि महिलाहरूको भूमिका महत्वपूर्ण हुने हुँदा सबै सरोकारवालाहरू एकजुट हुनुपर्ने बताए । नगरपालिकाका कार्यपालिका सदस्य शिवशंकर रामले निरन्तरको प्रयासले मात्र सामाजिक कुरीति अन्त्य गरी आर्थिक, सामाजिक अधिकार सम्बोधन गर्न सकिने उल्लेख गरे ।



समूहकी देवमाया भट्टराई विश्वकर्माले महिलाको विकास, सशक्तिकरणका लागि स्थानीय तहले महिला सम्बन्धी विशेष नीति ल्याउनु पर्ने र सो अनुरूप बजेट व्यवस्था गर्नुपर्ने बताइन् ।

तालिममा मधेस प्रदेश संयोजक राजु पासवानले इन्सेक परिचय, मानवअधिकारको विकास अवधारणा, समाजमा भएको हानिकारक मान्यता विषयमा प्रशिक्षण दिएका थिए ।

यसैगरी इन्सेक प्रतिनिधि मनोहरकुमार पोखरेलले आर्थिक, सामाजिक, सांस्कृतिक अधिकार र नगरपालिकाको भूमिकाका बारेमा सहजिकरण गरेका थिए । कार्यक्रमका फोकल पर्सन बरुण बस्यालले मानवअधिकार समूहको काम, कर्तव्य र अधिकार, शिक्षा, स्वास्थ्य, वातावरण र विभेद विरुद्धको अधिकारका विषयमा प्रशिक्षण दिएका थिए ।

सहजकर्ता विश्वेन्द्र पासवानद्वारा सञ्चालित दुई दिने तालिममा उपप्रमुख अनीताकुमारी चौधरी, वडा अध्यक्षहरू, विभिन्न शाखा प्रमुखहरू, मानवअधिकार समूहका पदाधिकारीहरूको सहभागिता रहेको थियो ।

### *के हो समाजवाद ...*

हुन्छ ।

– बढी श्रम गर्ने बानीको विकास हुन्छ र श्रमको उचित कदर गर्ने परिपाटी बस्छ ।

– धेरै जनालाई गरिबीबाट बचाउन र जनजीवन उच्च कायम गर्न मद्दत पुऱ्याउँछ ।

– दिनहुँ भइरहने नयाँ प्रतिस्पर्धामा जुध्न आधुनिक विधिहरूको अनुसन्धान तथा अवलम्बन गर्न सहयोग पुग्छ ।

– परिश्रमी जनशक्तिका कारण देशको आर्थिक स्तर माथि उक्लन्छ, जसले गर्दा आर्थिक रूपमा स्वतन्त्र, समृद्धि र मानवीय प्रगति हुन्छ ।

– राज्यको आयस्तर पनि बढ्छ र विकासको लागि बाटो खुल्छ ।

– राज्यको आयस्तर बढ्दै गएमा न्यून तथा मध्यम आयस्तर भएका, पछाडि परेका, अशिक्षित वर्ग तथा महिलाहरूलाई विशेष आरक्षण गरी उनीहरूको अवस्थालाई पनि माथि उकास्ने कार्यक्रम लागु गर्न सकिन्छ ।

अन्तमा, नेपालमा स्थापित समाजवादी नामधारी पार्टीले आफ्ना धारणाहरू अघि सार्ने क्रममा समाजवादलाई वैज्ञानिक समाजवादको यात्रामा अघि बढ्ने भनेका छन् ।

वैज्ञानिक समाजवाद भनेको पुराना समाजवादी सिद्धान्तलाई आवश्यक परिमार्जन गर्दै देश सुहाउँदो समाजवाद लागु गर्ने कुरा हो भन्ने धारणा पर्छ । यस अन्तर्गत दलाल पुँजीवादको विरुद्ध वकालत गर्दै समुन्नत समाज निर्माणका लागि राष्ट्रिय पुँजीको निर्माण गर्ने योजना पार्टीले अघि सारेका छन् ।

दलाल पुँजीवाद भनेको पुँजी सङ्कलन टाठा बाठा र धनाढ्यहरूले गरेर उद्योगधन्दा तथा उत्पादनमूलक काममा लगाउनुको साटो अनुत्पादक काममा खर्च गर्नु हो । यसबाट जनतालाई रोजगारी पनि नहुने, राजस्व पनि सङ्कलन नहुने र देश गरिबीतर्फ धकेलिने डरलाग्दो अवस्था सिर्जना हुनु हो ।

पुँजी वास्तवमा कृषि, उद्योगधन्दा, पशुपालन वा दिगो आय आर्जन हुने काममा लगाउनुको सट्टा वित्तीय कारोबार गर्ने संस्थामा लगाउने वा जग्गा प्लटिङ वा घर निर्माणमा मात्र लगाउँदा उत्पादनमूलक काम हुँदैन । र, यसले देशको अर्थतन्त्र थप धराशायी भएर जाने हुँदा त्यस्तो पुँजी सञ्चालन गर्ने व्यक्तिलाई दलाल पुँजीवादी भनिन्छ । यस्ता व्यक्तिले अनुत्पादक क्षेत्रमा पुँजी लगानी गरी आफूले कमिसन खाने र झन् धनी बन्दै जाने गर्छन् । त्यसकारण पुँजीवादी अर्थ प्रणालीमा यस्ता व्यक्ति बाधक हुन्छन्, जसलाई राज्यले नियन्त्रण गर्नुपर्नेमा झन् नेपालमा त्यस्ता व्यक्तिलाई थप हौसला दिने गरिन्छ, जुन देश र जनताको लागि दुर्भाग्य हो । लेखक मध्यविन्दु बहुमुखी क्याम्पस, कावासोती, नवलपुरमा प्राध्यापनरत छन् । रातोपाटीबाट


**डा. कालीप्रसाद यादव**

MBBS, MD Internal Medicine (NAMS Bir Hospital, Kathmandu) NMC NO. 13203

**कन्सलटेन्ट फिजिसियन**

मधुमेह (चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग

**हाल कार्यरत : गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज**

**डा. रिपला आचार्य**

MBBS, MD (BPKIHS) NMC NO. 19992

**छाला, यौन तथा कुष्ठरोग विशेषज्ञ**

**डण्डीफोर, कपाल झर्ने, एलर्जीदाद, ढुसीदाद, चायापोतो तथा दागहरु, सेतोदुबी**

यहाँ हरेक किसिमका छाला, नङ्ग, कपाल, ओठ, मुख तथा यौन अंगमा भएका समस्याको सफल उपचार गरिन्छ ।

**सम्पर्क स्थान : जय श्री कृष्ण फार्मेसी**

**हनुमाननगर रोड, राजविराज, ९८१९७२१५२६, ९८१७७८१९८७**


## शीतलहरको समयमा चिसोको कारण मानिसको ज्यानै पनि जान सक्छ त्यसैले निम्न सावधानी अपनाऔं

- जाडो यामकोलागि समयमै न्यानो कपडाको जोहो (व्यवस्था) गरौं ।
- शीतलहरको समयमा घर बाहिर खुला स्थानमा धेरै समय नबिताऔं, घर बाहिर निस्कनु परेमा वा धेरै समय बिताउनु पर्ने भएमा न्यानो कपडा लगाऔं ।
- रातको समयमा न्यानो सिरक, कम्बल जस्ता ओढ्ने प्रयोग गरौं र घरभित्र राति सुत्दा शरीरको साथै अनिवार्य रुपमा छाती तथा टाउको ढाक्ने गरौं ।
- शीतलहर चलेको समयमा आगो तापेर शरीरलाई न्यानो राख्ने, छाती र टाउकोलाई विशेष गरेर चिसोबाट जोगाउने गरौं ।
- चिसोको समयमा शरीरलाई चाहिने आवश्यक खानेकुरा र पर्याप्त मात्रामा तातो खाने कुराहरु खाने गरौं ।
- बालबालिका, वृद्धवृद्धा, गर्भवती महिला तथा बिरामीहरुको हेरचाहमा विशेष सतर्कता अपनाउने, बालबालिकाहरुलाई न्यानो अवस्थामा राख्ने गरौं ।
- शीतलहर चलेको बेलामा पाल्तु पशुपंक्षीलाई सकेसम्म खुल्ला स्थानमा चराउन नलैजाने, गोठ/टहरामै राखेर पर्याप्त घाँस/पराल र दाना दिने गरौं ।
- चिसोको कारण बिरामी भएमा तत्कालै नजिकको स्वास्थ्य चौकी वा अस्पतालमा तुरुन्तै उपचारको लागि जाने/लैजाने गरौं ।
- चिसोको कारण पशुपंक्षी बिरामी भएमा नजिकैको पशु चिकित्सालयमा तुरुन्तै सम्पर्क गरी औषधोपचार गर्ने गरौं ।
- कोठाभित्र आगो बालेर तातो पार्दा पर्याप्त भेन्टिलेशनको व्यवस्था मिलाऔं ।
- तातोपनकोलागि आगो बाल्दा आगलागी हुन सक्ने भएकोले सतर्कता अपनाऔं ।

**अनुरोधकर्ता**

**राजगढ गाउँपालिका, सप्तरी**

# अन्तर्राष्ट्रिय समाचार

## तीस लाख प्लास्टिकका बोतलको कला प्रदर्शनी

**ढाका**/बङ्गलादेश युवा सङ्गठनले प्लास्टिक प्रदुषणविरुद्ध चेतना जगाउन 'सेभ अर्थ, सेभ बङ्गलादेश' भन्ने नाराका ३० लाखभन्दा बढी प्लास्टिकका बोतलको कला प्रदर्शनी आयोजना गरेको छ ।

विगत ३२ दिनदेखि यहाँ जारी रहने प्रदर्शनीमा प्लाष्टिकका बोतल, पोलिथिन, चिप्सका प्याकेट र सिगरेट फिल्टरबाट बनेका तस्बिर तथा मूर्ति समावेश गरिएको छ । ढाकामा रहेको युवा सङ्गठन 'बीडी क्लिन'ले लामो समयदेखि राजधानी ढाका र बङ्गलादेशका अन्य ठाउँमा प्लास्टिक फोहोर सफा गर्दै आएको छ ।

प्लास्टिक र रासायनिक प्रदूषणसम्बन्धी जनचेतना अभिवृद्धि गर्ने लक्ष्यका साथ प्रदर्शनी आयोजना गरिएको बिडी क्लिनका संयोजक मसुदुर रहमानले बताएका छन् । प्रदर्शनीको तयारीका लागि बिडी क्लिनका सदस्यले डेढ महिनाभन्दा बढी समयदेखि देशका विभिन्न स्थानबाट प्लास्टिक सङ्कलन गरेको बताए । उनीहरूले निजी खर्चमा फोहोर सङ्लन गरी यातायातका विभिन्न माध्यमबाट ढाकासम्म ल्याएका जानकारी दिए ।

दैनिक हजारौं दर्शक प्रदर्शनीमा आएका तथा उनीहरू प्रस्तुत चित्रबाट आल्हादित भएका आयोजक संस्थाले बताएको छ । केही आगन्तुकले अब उप्रान्त प्लास्टिक प्रयोग नगर्ने प्रतिबद्धता व्यक्त गरेका छन् । वातावरण संरक्षणका खातिर प्लाष्टिकको प्रयोगलाई निरुत्साहित गर्नुपर्नेमा उनीहरूले जोड दिएका छन् । एजेन्सी

## नाइजेरियामा डुङ्गा पल्टिँदा १४ जनाको मृत्यु, छ बेपत्ता

**अबुजा**/उत्तरपश्चिम नाइजेरियामा डुङ्गा पल्टिँदा कम्तीमा १४ जनाको मृत्यु हुनाका साथै अन्य छ जना बेपत्ता भएका छन् ।

केब्बी राज्यको कोको/बेस्से स्थानीय क्षेत्रस्थित नदीमा मङ्गलबार साँझ सो डुङ्गा उक्त दुर्घटना भएको हो । उक्त डुङ्गामा करिब १०० धान किसान सवार थिए जसमध्ये ८० जनालाई सकुशल उद्धार गरिएको छ ।

शुक्रबार विज्ञप्ति जारी गर्दै राष्ट्रपति मुहम्मदु बुहारीले दुर्घटनामा परी ज्यान गुमाएकाप्रति दुःख व्यक्त गरेका छन् साथै बेपत्ता व्यक्तिको खोजीमा खटिएका उद्धारकर्मीको प्रयासको प्रशंसासमेत गरेका छन् । राष्ट्रपतिले विशेषगरी ग्रामीण क्षेत्रमा डुङ्गाको यातायातको उचित नियमनमा बढी ध्यान दिन सरोकारवालालाई आग्रह गरेका छन् । एजेन्सी

## मिडिया वाचडगद्वारा मलेसियालाई पाकिस्तानी पत्रकारको निर्वासनबारे सोधपुछ

**कराची**/मिडिया वाचडग, रिपोर्टर्स विदाउट बोर्डर्स (आरएसएफ) ले मलेसियाका अधिकारीलाई मलेसियामा वर्षौंदेखि शरणार्थीको रूपमा बस्दै आएका पाकिस्तानी पत्रकारलाई देश निकाला गरेको विषयमा स्पष्टीकरण दिन आग्रह गरेको छ ।

आरएसएफले पाकिस्तान सरकारलाई पत्रकार अहिले कहाँ र कुन अवस्थामा छन्? सार्वजनिक गर्न आग्रह गरेको छ । पत्रकारको अपहरण भएको र यातना दिएको विषय केही गुप्तचर संस्थाले हालै सार्वजनिक गरेका छन् । सो विषय मलेसियाका गृहमन्त्रीले स्वीकार गरेका गरेको पनि दाबी गरिएको छ ।

पत्रकार सैयद फवाद अली शाह जसलाई फवाद शाहका नामले चिनिन्छ उनी गत अगस्ट २३ देखि मलेसियामा बेपत्ता भएका थिए । यद्यपि मलेसियाली अधिकारीले शाह पाकिस्तानी प्रहरी भएको र पाकिस्तान निर्वासित गरेको बताएका छन् ।

आरएसएफले विज्ञप्ति जारी गर्दै मलेसियाली अधिकारीहरूको सो दावीलाई खण्डन गर्दै शाह कहिल्यै प्रहरी अधिकारी नभएको र उनी वास्तवमा संयुक्त राष्ट्रसंघको कार्यालयले सन् २०१४ मा शरणार्थीको रूपमा प्रमाणीकरण गरेको र मलेसियामा शरणार्थीको कानुनीको उपयोग गर्दै रूपमा बसोबास गरिरहेको बताएको छ ।

डनका अनुसार आरएसएफको एशिया-प्रशान्त डेस्कका प्रमुख डेनियल बास्टार्डले मलेसियाली अधिकारीहरूको त्रुटिकाकारण पत्रकार शाह अहिले कहाँ कुन अवस्थामा छन् यकिन नभएको बताएको छ । एजेन्सी

## ६ वर्षीय बालकले गुरुमालाई गोली हानेपछि...

**वासिङ्टन**/अमेरिकाको भर्जिनियामा राज्यमा एक जना छ वर्षीय बालकले आफ्ना गुरुलाई गोली हानेर गम्भीर घाइते बनाएका छन् । पूर्वी राज्य भर्जिनियाको एक प्राथमिक विद्यालयमा शुक्रबार 'झगडा' हुँदा एक छ वर्षीय बालकले शिक्षकलाई गोली हानेर गम्भीर घाइते बनाएको स्थानीय प्रहरीले जनाएको छ ।

न्युपोर्ट न्युज सहरका प्रहरीका अनुसार रिचनेक इलिमेन्टरी स्कूलकी ३० वर्षकी शिक्षिका गोली लागेर मरणासन्न भएकी छन् । उनको ज्यान जोखिममा रहेको बताइएको छ । त्यति सानो शिशुले कक्षाकोठामा बन्दुक कहाँबाट ल्यायो भन्नेबारे अनुसन्धान भइरहेकोछ । बालकलाई हिरासतमा राखिएको छ । एजेन्सी

# कृषि क्षेत्रलाई उच्च प्राथमिकता : प्रदेशसभा सदस्य यादव



**राजविराज**/प्रदेश सभा सदस्य महेश प्रसाद यादवले कृषि, पशुपंछी तथा मत्स्य क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण र औद्योगिकीकरण गरी गुणस्तरीय उत्पादनमा जोड दिएका छन् ।

शनिवार सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका स्थित ओम सृजन सहकार संस्था लि. को दोश्रो वार्षिक साधारण सभाको उद्घाटन गर्दै उनले यस्तो बताएका हुन् ।

मधेश प्रदेशको जनमत पार्टीका संसदीय दलका नेता समेत रहेका उनले रोजगार सृजना गर्नका लागि पनि स्वदेशमा रहेका तथा विदेशबाट फर्किएका युवाहरुको कृषि सम्बन्धि अनुभव, ज्ञान र सिपलाई कृषि क्षेत्रमा प्रयोग गरी गुणस्तरीय उत्पादन बढाउनुपर्नेमा जोड दिए ।

कृषि क्षेत्रको व्यवसायीकरण, आधुनिकीकरण, यान्त्रिकीकरण र औद्योगिकीकरण आवश्यक रहेको बताएका उनले यसका लागि आफुहरुले कृषि क्षेत्रमा उच्च प्राथमिक्तामा राखेर काम गर्ने प्रतिबद्धता समेत जनाए । प्रदेश सभा सदस्य सतिश कुमार सिंहले छोटो अवधिमै लोकप्रियता कमाउन सफल भएको ओम सृजन सहकारी संस्था लि. लाई आफ्नो कारोबार क्षेत्रलाई बढाउँदै दही उत्पादन उद्योग संचालनमा ल्याउन सुझाव पनि दिए ।

संस्थाका अध्यक्ष सम्बोध कुमार झाको अध्यक्षतामा आयोजित साधारण सभा उद्घाटन समारोहमा उपाध्यक्ष मुकेश यादवले स्वागत तथा सचिव बब्लु कुमार मिश्रले संस्थाको आयव्यय प्रतिबेदन पेश गरेका थिए ।

कार्यक्रममा प्रदेशसभा सदस्य द्वय यादव र सिंहका साथै संचारकर्मी मनोज कुमार माझी, परिस कर्ण, समाजसेवी रामगमण साह लगायतलाई आयोजक संस्थाले मिथिला पाग र दोसल्ला ओढाएर सम्मान गरेका थिए । कार्यक्रम संचालन पंकज झाले गरेका थिए ।


## जग्गा बिक्रिमा

राजविराज वडा नं. ६ थानगाछी स्कुलको दक्षिण पट्टीको जग्गा विक्रीमा छ। जग्गाको तिनै भागमा १२ फिटको बाटो भएको घर सहितको जग्गा लिने इच्छुक व्यक्तिले सिन्हा लँज राजविराजमा सम्पर्क गर्नुहुन अनुरोध छ ।

**सम्पर्क नं. ०३१-५३०४३४**


# आइडियलले पेपर लेस कारोबारलाई निरन्तरता दिँदै




**राजविराज**/आईडियल सहकारी संस्था लिमिटेडले शनिबार २३ औं वार्षिक साधारणसभा सम्पन्न गरेको छ ।

आयोजित सभामा अध्यक्षीय प्रतिवेदन प्रस्तुत गर्दै संस्थाका अध्यक्ष गाणेश आशले संस्थाले कारोबारलाई बिस्तारै पेपर लेस अर्थात कागजको सट्टा डिजिटल प्रविधिको अधिकत्तम प्रयोग गरिरहेको जानकारी दिएका छन् ।

उनले गत वर्षदेखी संस्थाले प्रदान गर्दै आएको आइडियल स्मार्ट एप, मिस्कल बैकिङ सेवा, इन्टरनेट बैकिङ, जुनसुकै बैंक खातामा फन्ड ट्रान्सफर, ई-सेवा वालेटमा लोड, एटिएम कार्डबाट भारतमा रकम झिक्ने व्यवस्थालाई निरन्तरता दिने बताए ।

उनले आफ्नो प्रतिवेदनमा संस्था राष्ट्रिय स्तरमा राष्ट्रिय सहकारी महासंघ, राष्ट्रिय सहकारी बैंक तथा नेफ्स्कून संस्थासँग आवद्ध तथा संस्थाको स्तरियकरण एंव ब्रान्डिङका लागि राष्ट्रिय सहकारी बैंक तथा नेफ्स्कूनको प्रोवेशन कार्यक्रमसँग आवद्ध रहेको उल्लेख गरे ।

सोही प्रतिवेदनमा सामाजिक उत्तरदायित्व अन्तरगत संस्थाले प्रदेश प्रहरी तालिम केन्द्र राजविराजमा २ लाखको लागतमा शुद्ध पिउने पानी प्लान्ट र एक हजार लिटर क्षमताको वाटर ट्यांकका साथै स्थानिय शिवमन्दिरमा ६६ हजार पर्ने घण्टा तथा सप्तरी क्रिकेट संघलाई प्रिमियर लिगमा समेत सहयोग गरेको उल्लेख छ ।

संस्थाको शेयर पुँजी १० करोड ३३ लाख ७५ हजार १ सय ६ रहेको छ भने कुल बचत संकलन ९५ करोड ३५ लाख १७ हजार ४२ रुँपैया ७४ पैसा रहेको अध्यक्ष आशले प्रस्तुत गरेको प्रतिवेदनमा उल्लेख छ । यस्तै ऋण लगानी ९३ करोड ७ लाख ६३ हजार ४० रुँपैया २२ पैसा रहेको छ भने कारोबारबाट निक्षेप रकमको लगभग ४ प्रतिशत नाफा आर्जन गर्न संस्था सफल भएको जनाइएको छ ।

अध्यक्ष आशको अध्यक्षतमा सम्पन्न साधारण सभामा उपाध्यक्ष बिजयानन्द झाले आर्थिक प्रतिवेदन प्रस्तुत गरेका थिए भने सचिव शैलेश चौधरीले स्वागत मन्तब्य व्यक्त गरेका थिए । सभामा संस्थाका संचालक समिति सदस्यहरु हरेराम जोशी, कौशल्या कुमारी रजक, लेखा समितिका दिनेश कुमार साह, डम्बर महतो, सुदामा प्रसाद सिंहलगायत संचारकर्मी तथा शेयर सदस्हरुको उपस्थिति रहेको थियो ।

# नेपाल सहकारीले प्रभावकारी सेवाका लागि बेवसाइट निर्माणदेखी तथ्याङ्क प्रविष्ट गर्ने काम थाल्यो



**राजविराज**/नेपाल सहकारी संस्था लिमिटेड राजविराजले शनिबार २० औं वार्षिक साधारण सभा सम्पन्न गरेको छ ।

साधारण सभामा संस्थाका अध्यक्ष शत्रुध्न प्रसाद गुप्ताले संघीय सरकारले सुरु गरेको सहकारी तथा गरिबी निवारण सूचना प्रणाली कोपोमिसबाट सहकारीको तथ्याङ्क संकलन गर्ने सिलसिलामा संस्थाले पनि सो प्रणालीमा आवद्ध भई तथ्याङ्क प्रविष्ट गर्ने काम सूचारु गरेको जानकारी दिएका छन् ।

अध्यक्ष गुप्ताले अध्यक्षीय प्रतिबेदन प्रस्तुत गर्दै कारोबारलाई छिटो तथा पारदर्शिताका साथ सेवा दिन कास सफ्टवेयर जडान गरेको तथा अझ प्रभावकारी सेवाका लागि चालु आ.ब.मा बेवसाइट निर्माण गर्न लागेको बताएका छन् ।

प्रतिवेदनमा गत आ.ब. २०७८/७९ मा ३१ करोड ३६ लाख ५ हजार ६ सय शेयर पुँजी रहेको उल्लेख छ। त्यस्तै सोही आ.ब. मा ३६ करोड ८१ लाख १ हजार १२ रुँपैया ऋण लगानी, बचत निक्षेप २८ करोड ५३ लाख ९१ हजार ६ सय ७ रुँपैया ८ पैसा तथा संचालन नाफा १ करोड १४ लाख ४९ हजार ५ सय ८४ रुँपैया ३८ पैसा रहेको प्रतिवेदनमा उल्लेख छ ।

संस्थाका अध्यक्ष गुप्ताको अध्यक्षताम सम्पन्न सभामा संचालक समितिका सुरेन्द्र प्रसाद गुप्ता, मनोहर कुमार पोखरेल, राजकुमार यादव, रन्धिर कुमार कर्ण लगायतले शुभकामना मन्तव्य दिएका थिए भने कार्यक्रम संचालन व्यवस्थापक शंकर प्रसाद साहले गरेका थिए ।


## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२,**
**www.janajyoticoop.com.np**

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस् ।

हाम्रो सेवाहरु

**नेपाल सहकारी संस्था लि.**
राजविराज ४, फोन नं. ०३१-५३१०९६


**प्रकाशक :** श्रीमती सुमित्रा गुप्ता, **सम्पादक :** अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक :** नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट :** संजय शेखर, **मुद्रण :** न्यू नवीन प्रेस, राजविराज, **फोन :** ०३१-५३०७६८ (कार्यालय), **इमेल :** *saptahiknavin@gmail.com,* **वेबसाइट :** *rajbirajdainik.com.np*